# आर्थिक ऐन, २०७९

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

CamScanner

बलेफी गाउँपालिका सिन्धुपाल्चोक

## स्थानीय राजपत्र

खण्ड:- ०६ संख्या:- ०१ मिति:- २०७९/०४/०१

भाग - १

# बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आर्थिक ऐन,२०७९

सभामा पेश भएको मितिः २०७९/०३/१२
सभाबाट स्वीकृत भएको मितिः २०७९/०३/१२

**प्रस्तावनाः** बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छानीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बलेफी गाउँपालिका सिन्धुपाल्चोकको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बलेफी गाउँपालिका सिन्धुपालचोकको आर्थिक ऐन, २०७९" रहेको छ ।यो ऐन २०७९ साल श्रावण १ गते देखि बलेफी गाउँपालिकाको क्षेत्रमा लागु हुनेछ।

**२. सम्पत्ति कर :** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रभित्र अनुसूची-१ बमोजिमको दरमा बार्षिक सम्पत्ति कर लगाईने र असुल गरिनेछ ।

**३. घर वहाल करः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी

पुरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूची-२ बमोजिमको दरमा घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

४. **व्यवसाय करः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्र भित्र गरेको व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवार समेतको आधारमा अनुसूची-३ बमोजिमको दरमा बार्षिक व्यवसाय कर लगाईने र असुल गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-४ मा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

६. **पर्यटन शुल्कः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रभित्र चिडियाखाना, उद्यान, पार्क, ऐतिहासिक तथा पुरातात्विक सम्पदा र संग्रहालय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिकाले निर्धारण गरे बमोजिम दरमा संकलन गरिनेछ ।

७. **सवारी साधन (साना सवारी) करः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रमा चल्ने टाङ्गा, रिक्सा, अटो-रिक्सा र ई- रिक्सा जस्ता सवारी साधनको कर गाउँपालिकाले निर्धारण गरेको दरमा संकलन गरिनेछ ।

८. **विज्ञापन करः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रभित्र राखिने होर्डिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राईभिजन बोर्ड, स्टल, भिडियो बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेखे वा विधुतीय तरङ्ग प्रयोग गरिएको प्रचारको लागि राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा अनुसूची-५ बमोजिमको दरमा कर लगाईने र उठाईनेछ । यसरी संकलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ ।

९. **मनोरञ्जन करः** आ.व. २०७९/०८० मा यस बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रमा चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, दोहोरी साँझ, नाट्यघर, फन पार्क, वाटर गार्डेन, बाल उद्यान, डान्स बार, क्यासिनो, फूटसल, नाईट क्लब जस्ता मनोरञ्जन स्थलमा बागमती प्रदेशले तोकेको दरमा कर लगाईने र असुल उपर गरिनेछ । यस्तो करको प्रशासन र ब्याजको दर बागमती प्रदेश कानून अनुसार हुनेछ । यसरी संकलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ ।

१०. **पार्किङ शुल्कः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधन पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची -६ बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **सेवा शुल्कः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र केवलकार, ट्रेकिङ, कायाकिङ, बञ्जी जम्पिङ, जिप फ्लायर र -याफ्टिङ सेवा, प्याराग्लाईडिङ् लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकूद सम्बन्धी सेवा र बलेफी गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको विभिन्न सेवामा अनुसूची -७ मा तोकिएको दरमा शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **बहाल बिटौरी शुल्कः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत गाउँपालिकाले निर्धारण गरेको दरले बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ ।

१३. **ढुङ्गा, गिट्टी, बालुवा, (दहहत्तर बहत्तर) शुल्कः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुन ढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलनमा बलेफी गाउँपालिकाले निर्णय गरी बागमती प्रदेशले तोकेको दरमा शुल्क लगाईने र असुल उपर गरिनेछ । उल्लेखित सामाग्रीको विक्री मूल्य प्रचलित कानून बमोजिम गाउँ कार्यपालिकाले निर्णय गरी तोक्न सक्नेछ । यसरी संकलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर छुट दिईने छैन ।

१५. **कर शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी आवश्यक कार्यविधि बलेफी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१६. **जरिवानाः** आ.व. २०७९/०८० मा बलेफी गाउँपालिकामा कर, शुल्क, दस्तुर बुझाउनु पर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायले यस ऐन बमोजिम तोकिएको कर, शुल्क र दस्तुर नबुझाएमा वार्षिक दश प्रतिशतका दरले जरिवाना लगाई कर संकलन गरिनेछ । तर चालु आ.व. २०७८/०७९ को असार मसान्तभन्दा अघि कर बक्यौता रहेका करदाताले आगामी आ.व. २०७९/०८० को ६ महिनाभित्र सबै बक्यौता कर गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा बुझाएमा आ.व. २०७८/०७९ सम्मको कर जरिवाना छुट दिइनेछ ।



CamScanner

## अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

**सम्पत्तिकर**

| | देखी | सम्म | |
|---|---|---|---|
| १ | १ | १ लाख २५ हजार | ६।५ |
| २ | १ लाख २५ हजार १ | १ लाख ५० हजार | ७।५ |
| ३ | १ लाख ५० हजार १ | १ लाख ७५ हजार | ९ |
| ४ | १ लाख ७५ हजार १ | २ लाख | १० |
| ५ | २ लाख १ | २ लाख २५ हजार | ११।५ |
| ६ | २ लाख २५ हजार १ | २ लाख ५० हजार | १२।५ |
| ७ | २ लाख ५० हजार १ | ३ लाख | १५ |
| ८ | ३ लाख १ | ३ लाख ५० हजार | १७।५ |
| ९ | ३ लाख ५० हजार १ | ४ लाख | २० |
| १० | ४ लाख १ | ४ लाख ५० हजार | २२।५ |
| ११ | ४ लाख ५० हजार १ | ५ लाख | २५ |
| १२ | ५ लाख १ | ६ लाख | ३० |
| १३ | ६ लाख १ | ७ लाख | ३५ |
| १४ | ७ लाख १ | ८ लाख | ४० |
| १५ | ८ लाख १ | ९ लाख | ४५ |
| १६ | ९ लाख १ | १० लाख | ५० |
| १७ | १० लाख १ | १२ लाख | ६२।५ |
| १८ | १२ लाख १ | १४ लाख | ७० |
| १९ | १४ लाख १ | १६ लाख | ८० |
| २० | १६ लाख १ | १८ लाख | ९० |
| २१ | १८ लाख १ | २० लाख | १०० |
| २२ | २० लाख १ | २२ लाख | १२५ |
| २३ | २२ लाख १ | २४ लाख | १५६।५ |
| २४ | २४ लाख १ | २६ लाख | १८७।५ |
| २५ | २६ लाख १ | २८ लाख | २१९ |
| २६ | २८ लाख १ | ३० लाख | २५० |
| २७ | ३० लाख १ | ३४ लाख | ३०० |
| २८ | ३४ लाख १ | ३८ लाख | ४१२।५ |
| २९ | ३८ लाख १ | ४२ लाख | ५२५ |
| ३० | ४२ लाख १ | ४६ लाख | ६३७।५ |
| ३१ | ४६ लाख १ | ५० लाख | ७५० |
| ३२ | ५० लाख १ | ६० लाख | ८७५ |



गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| ३३ | ६० लाख १ | ७० लाख | १०२५ |
| ३४ | ७० लाख १ | ८० लाख | १३५० |
| ३५ | ८० लाख १ | ९० लाख | १६७५ |
| ३६ | ९० लाख १ | १ करोड | २००० |
| ३७ | १ करोड | १ करोड २० लाख | २४०० |
| ३८ | १ करोड २० लाख १ | १ करोड ४० लाख | २८०० |
| ३९ | १ करोड ४० लाख १ | १ करोड ६० लाख | ३२०० |
| ४० | १ करोड ६० लाख १ | १ करोड ८० लाख | ३६०० |
| ४१ | १ करोड ८० लाख | २ करोड | ४००० |
| ४२ | २ करोड १ | २ करोड ५० लाख | ५००० |
| ४३ | २ करोड ५० लाख १ | ३ करोड | ६४०० |
| ४४ | ३ करोड १ | ३ करोड ५० लाख | ७८०० |
| ४५ | ३ करोड ५० लाख १ | ४ करोड | ९२०० |
| ४६ | ४ करोड १ | ४ करोड ५० लाख | १०६०० |
| ४७ | ४ करोड ५० लाख | ५ करोड | १२००० |
| ४८ | ५ करोड १ देखी माथी प्रति हजार रु. १ (एक) | | |

अनुसूची—२

**(दफा ३ सँग सम्बन्धित)**

**घर बहाल करका दरहरू**

| सि.नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने घरजग्गा बहाल करको विवरण | करको दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्रको घर, फल्याट, कोठा, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, पोखरी तथा जग्गा पूरै वा आंशिक रुपमा भाडा तथा लिजमा लगाएको मा सम्बन्धित धनीबाट बहाल रकमको | भाडाको रकमको १० (दश) प्रतिशत |

अनुसूची-३
(दफा ४ सँग सम्बन्धित)
व्यवसायकरका दरहरू

| सि.नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने व्यवसाय करको विवरण | करको दर बार्षिक रु. |
|---|---|---|
| १ | व्यापारिक वस्तु | |
| १.१ | चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा | |
| | थोक तथा खुद्रा चुरोट पसल (डिलर) समेत | १५००/- |
| | खुद्रा चुरोट पसल | १०००/- |
| | मदिरा पसल थोक (डिलर समेत) | २५००/- |
| | मदिरा पसल खुद्रा | १०००/- |
| | सुनचांदी/ज्वेलरी पसल (निर्माण, मर्मत र खरिद बिक्री समेत) | २५००/- |
| | भिडियो सीडी, क्यासेट/अडियो सीडी, क्यासेट बिक्री पसल | ५००/- |
| | डिपार्टमेन्टल स्टोर | ३५००/- |
| १.२ | निर्माण सामाग्री, कम्प्युटर, बिद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा व्यापारमा | |
| | निर्माण सामाग्री सिमेन्ट, रड, कर्कटपाता, फिटिङ्स आदिको बिक्रेता (डिलर समेत) | ५०००/- |
| | कम्प्युटर बिक्रेता | ५००/- |
| | बिद्युत सामाग्री बिक्रेता | ५००/- |
| | टि.भी., डेक, रेडियो, क्यासेट प्लेयर तथा क्यामेरा पसल (डिलर समेत) | २०००/- |
| | टि.भी., डेक, रेडियो, घडी, क्यासेट प्लेयर तथा क्यामेरा (खुद्रा बिक्री तथा मर्मत) पसल | ५००/- |
| | कार्पेट तथा फर्निसिङ्गका सामाग्री बिक्रेता | १०००/- |
| | पेट्रोलियम पदार्थ बिक्रेता (पेट्रोल पम्प) | ५०००/- |
| १.३ | दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा आदिको थोक तथा खुद्रा ब्यापारमा | |
| | खाद्यान्न तथा किराना थोक पसल (क श्रेणी) | १०००/- |
| | खाद्यान्न तथा किराना खुद्रा पसल (ख श्रेणी) | ७५०/- |
| | खाद्यान्न तथा किराना खुद्रा पसल (ग श्रेणी) | ५००/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (क श्रेणी थोक) | १०००/- |



CamScanner

| | | |
|---|---|---|
| | कपडा पसल (थान) तथा सिरक, डसना, तकिया तयारी र बिक्री पसल | ७५०/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (ख श्रेणी खुद्रा) | ७५०/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (ग श्रेणी खुद्रा) | ५००/- |
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल (क श्रेणी) | १०००/- |
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल (ख श्रेणी) | ७५०/- |
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल (ग श्रेणी) | ५००/- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल (क श्रेणी) | १०००/- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल (ख श्रेणी) | ७५०/- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल र अन्य गिफ्टका सामाग्री बिक्रेता | ७५०/- |
| | छाला जुत्ता चप्पल (स्थानीय स्तरमा निर्माण गरी) बिक्री तथा मर्मत पसल | ५००/- |
| | होजियारी ऊनी धागो पसल | ५००/- |
| | फलफूल पसल | ५००/- |
| | फलफूल तथा सब्जी पसल | ५००/- |
| | कोल्ड स्टोर पसल | ५००/- |
| १.४ | **सवारी साधन बिक्रेता** | |
| | मोटर साईकल, टेम्पो तथा साईकल बिक्रेता | १५००/- |
| २ | **बिशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | |
| | चिकित्सक | ५००/- |
| | कविराज | ५००/- |
| | इन्जिनियर (RCC भवन, प्रति नक्शा) | १०००/- |
| | कानून व्यवसायी/कानूनी सेवा/ल फर्म | ५००/- |
| | लेखा परिक्षक | ५००/- |
| | दन्त चिकित्सक | ५००/- |
| | अनुसन्धानकर्ता तथा परामर्श दाता | ५००/- |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | ५००/- |
| | बीमा एजेन्ट | ५००/- |
| | सर्भेयर | ५००/- |
| | अनुवादक | ५००/- |
| | पशु चिकित्सक | ५००/- |
| | सामान ढुवानीकर्ता तथा कम्पनी/सप्लायर्स | ५००/- |
| | संस्थागत पेन्टर | १०००/- |



CamScanner

| | | |
|---|---|---|
| ३ | निर्माण व्यवसाय | |
| | क श्रेणी | ७०००/- |
| | ख श्रेणी | ५०००/- |
| | ग श्रेणी | ३०००/- |
| | "घ" वर्गको इजाजत पत्र दर्ता दस्तुर | ५०००/- |
| | "घ" वर्गको इजाजत पत्र नविकरण दस्तुर | ५०००/- |
| | "घ" वर्गको इजाजत पत्र नविकरण थप दस्तुर (म्याद नाघेको छ महिना सम्म) | ५०००/- |
| | "घ" वर्गको इजाजत पत्र नवीकरण थप दस्तुर (छ महिना भन्दा बढी म्याद नाघेको हकमा) | २०,०००/- |
| | "घ" वर्गको इजाजत पत्र प्रतिलिपी दस्तुर | १०००/- |
| | "घ" वर्गको इजाजत पत्र नामसारी दस्तुर | ५०००/- |
| ४ | उत्पादनमूलकउद्योग | |
| | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | २०००/- |
| ५ | कृषि तथा वनजन्य उद्योग (मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा) | |
| | फर्निचर उद्योग (निर्माण, खरिद तथा बिक्री) | २०००/- |
| | स:मिल (चिरान मिल) | २०००/- |
| | राइस मिल | १५००/- |
| | अदुवा कुचो उद्योग तथा संकलन/खरिद बिक्री केन्द्र | १०००/- |
| | अलैंची संकलन तथा खरिद बिक्री केन्द्र | १५००/- |
| | चिरैतो संकलन तथा खरिद बिक्री केन्द्र | १०००/- |
| | अन्य जडिबुटी संकलन, प्रशोधन तथा खरिद बिक्री केन्द्र | १५००/- |
| | पहाडे कागज उद्योग | ७५०/- |
| ६ | खनीज उद्योग | |
| | खनीज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | २५००/- |
| | खानेपानी प्रशोधन गर्ने उद्योग व्यवसायमा | २०००/- |
| | क्वार्जाइट ढुंगा निकासी कर (प्रति वर्ग फिट) | ६/- |
| ७ | पर्यटन उद्योग | |



CamScanner

| | | |
|---|---|---|
| | पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर ब्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्ष, पोलो, अश्वारोहण, आदि उद्योग व्यवसायमा | ३०००/- |
| | होटल (चिया,नास्ता तथा मिठाई पसल) | २०००/- |
| | होटल (चिया,नास्ता तथा खाना समेत) | १२५०/- |
| | लज (गेष्ट हाउस मात्र) | १५००/- |
| | होटल एण्ड लज (चिया,नास्ता तथा खाना समेत) | २५००/- |
| | होटल एण्ड लज (गेष्ट हाउस अटयाज्ड कोठा सहित) | ३०००/- |
| | होटल एण्ड लज (अट्याज्ड कोठा सहित सेमिनार हल उपलब्ध) | ३५००/- |
| | रिसोर्ट | ५०००/- |
| | ट्रेकिंङ तथा ट्राभल एजेन्सी | १२५०/- |
| | होटल सम्बन्धी तालिम सञ्चालन गर्ने होटल/इस्टिच्युट | २५००/- |
| ८ | सेवा उद्योग | |
| | छापाखाना, परामर्श सेवा, जिनिङ्ग वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिबहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाइ सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | ३०००/- |
| | छापाखाना, अपसेट प्रिन्टिङ्ग प्रेस | ५०००/- |
| | छापाखाना (स्क्रीन प्रिन्टको सेवा सहितको) | १५००/- |
| | छापाखाना (स्क्रीन प्रिन्टको सेवा मात्र) | १०००/- |
| ९ | निर्माण उद्योग | |
| | सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, लाइङ बृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा | २५००/- |
| | ग्रील उद्योग | २०००/- |
| १० | संचार सेवा | |
| | निजी क्षेत्रको हुलाक सेवा | ५००/- |
| | निजी क्षेत्रका टेलिफोन वा मोबाईल सेवा प्रदायक कम्पनी (शाखा समेत) | २५००/- |
| | टेलिफोन, फ्याक्स र फोटोकपी सेवा (इमेल, इन्टरनेट सहितको) | १०००/- |
| | इमेल, इन्टरनेट सेवा मात्र अथवा टेलिफोन, फ्याक्स र फोटोकपी सेवा मात्र | ७५०/- |
| | निजी क्षेत्रको कुरियर सेवाको प्रधान कार्यालय | २०००/- |
| | निजी क्षेत्रको कुरियर सेवाको शाखा कार्यालय | १२५०/- |
| | छपाई तथा प्रकाशन | १५००/- |



CamScanner

| | | |
|---|---|---|
| | टाईपिङ्ग तथा कम्युटर डेक्सटप सेवा | ५००/- |
| ११ | **बैंकिङ् तथा बित्तीय सेवा** | **बार्षिक रु.** |
| | "क" वर्गको बैंकहरुको शाखाको लागि | ३५,०००।- |
| | "ख" वर्ग तथा विकास बैंकहरुको शाखाको लागि | २५,०००।- |
| | लघुवित्त कम्पनीहरुका लागि | २५,०००।- |
| | वचत तथा ऋणको कारोवार गर्ने सहकारी तथा सहकारी बैकको लागि | १२,०००/- |
| | मनी ट्रान्सफर सेवा | १५००/- |
| | बीमा कम्पनीको शाखा कार्यालय | २५००/- |
| १२ | **स्वास्थ्य सेवा** | |
| | गैरसरकारी अस्पताल/सामुदायिक अस्पताल | ३०००/- |
| | नर्सिङ्ग होम | ३५००/- |
| | मेडिकल हल/औषधी पसल (डाक्टरको सेवा तथा ल्याव समेत उपलब्ध) | २०००/- |
| | मेडिकल हल/औषधी पसल (ल्यावको सेवा उपलब्ध) | १५००/- |
| | मेडिकल हल/औषधी पसल मात्र | १०००/- |
| १३ | **शिक्षा सेवा** | |
| | निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्व विद्यालय | १०००/- |
| | तालिम तथा अनुसन्धान केन्द्र | २०००/- |
| | टाईपिङ्ग, कम्युटर तथा भाषा प्रशिक्षण संस्था | १०००/- |
| | टाईपिङ्ग तथा कम्युटर प्रशिक्षण केन्द्र | ७५०/- |
| | भाषा प्रशिक्षण संस्था | १०००/- |
| | अन्तराष्ट्रिय गैरसरकारी संस्था | २५००/- |
| १४ | **मर्मत संभार सेवा** | |
| | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर साईकल, टेम्पो, साईकल मर्मत केन्द्र | १०००/- |
| | हेभी इक्विपमेन्ट, बस ट्रक तथा ट्र्याक्टर मर्मत केन्द्र | १५००/- |
| | कार, मोटर साईकल, टेम्पो तथा साईकल मर्मत केन्द्र | १०००/- |
| | मोटर साईकल, टेम्पो तथा साईकल मर्मत केन्द्र | ७५०/- |
| | रेडियो, टि.भी., घडी मर्मत केन्द्र | ५००/- |
| | प्रेशर कुकर, स्टोभ, हिटर मर्मत केन्द्र | ५००/- |
| | टेलिफोन सेट तथा बिधुत सामाग्री मर्मत केन्द | ५००/- |



CamScanner

| | | |
|---|---|---|
| १५ | अन्य सेवा | |
| | बिज्ञापन सेवा/बिज्ञापन एजेन्सी/कम्पनी | ५००/- |
| | बैदेशिक रोजगार सेवा/म्यान पावर कम्पनी (शाखा समेत) | ३०००/- |
| | स्वदेशी रोजगार सेवा | ५००/- |
| | सेक्रेटेरियल सेवा | १०००/- |
| | हाउजिङ्ग कम्पनी तथा घरजग्गा खरिद बिक्री (रियल स्टेट) | २५००/- |
| | ब्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | १०००/- |
| | ब्युटी पार्लर तथा श्रृंगार पसल | १०००/- |
| | ड्राई क्लिनर्स | ५००/- |
| | कलर ल्याव तथा फोटो स्टुडियो | २०००/- |
| | फोटो स्टुडियो | ७५०/- |
| | शैलुन/हजाम सेवा | ५००/- |
| | सिलाई टेलरिङ्ग सेवा (लेडिज एण्ड जेन्स)/सिलाई प्रशिक्षण केन्द्र समेत | २०००/- |
| | सिलाई टेलरिङ्ग सेवा (लेडिज एण्ड जेन्स) | १५००/- |
| | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | ७५०/- |
| | पशु बधशाला | २०००/- |
| | मासु बिक्रेता/फ्रेस हाउस | १५००/- |
| | फूल तथा बिरुवा बिक्रेता | ७५०/- |
| | पुल हाउस | १५००/- |
| | खोटो व्यवसायी | १०००/- |
| | सिसा, प्लाईउड बिक्रेता | ७५०/- |
| | भाँडाकुँडा बिक्रेता | १०००/- |
| | स्टिल, काठ, फर्निचर बिक्रेता | १५००/- |
| | खेलौना, उपहार (गिफ्ट) बिक्रेता | ५००/- |
| | केबुल नेटवर्किङ्ग (ग्राहक संख्याका आधारमा वार्षिक) | ५०००/- |
| १६ | अन्य व्यवसाय | |
| | पार्क, पिकनिक स्पट | ५००/- |
| | टुर अप्रेटर | १५००/- |
| | मसाज पार्लर | १५००/- |
| १७ | माथिको बर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबारमा | |
| | पाउरोटी उद्योग | १०००/- |

| | | |
|---|---|---|
| | कृषि बिउ बिजन भण्डार | ७५०/- |
| | पशु औषधी पसल एग्रो भेट | ७५०/- |
| | हाउस पेन्टिङ्ग | ५००/- |
| | भेन्टिलेसन उद्योग | १५००/- |
| | कस्मेटिक पसल | ५००/- |
| | टेण्ट तथा क्याटरिङ्ग सर्भिस | १५००/- |
| | सभाहल सञ्चालन (व्यावसायिक प्रयोजनका लागि) | ३०००/- |
| | कृषि फर्म | ५००/- |
| | पशु फर्म | ५००/- |
| | कृषि तथा पशु फर्म | ७५०/- |
| | कुखुरा तथा पोल्ट्री फर्म | १०००/- |
| | खाना पकाउने एल. पी. ग्यास सम्बन्धी व्यवसाय | १०००/- |
| | पानी तथा विद्युतबाट चल्ने घट्ट सञ्चालन व्यवसाय | ५००/- |
| | मोविल ग्रीज ब्रेक आयल लुब्रीकेन्ट्स सम्बन्धी व्यवसाय | १०००/- |
| | आइस क्रीम/ कफी शप व्यवसाय | ५००/- |
| | दुना टपरी बनाउने उद्योग | ५००/- |
| | तयारी प्लास्टिक तथा रबरबाट जुत्ता बनाउने उद्योग | १०००/- |

## अनुसूची–४
### (दफा ५ सँग सम्बन्धित)
### जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू

| क्र.स. | नाम | इकाई | दर रु. |
|---|---|---|---|
| १ | उन,खोटो,वनकस (खर, बाबियो, मलहनपत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर, अम्रिसो, जगर) | प्रति के.जि | ५/- |
| २ | वियरको खालि सिसि | प्रति गोटा | १/- |
| ३ | मदिराको खालि सिसि ५०० एम.एल. भन्दा बढी | प्रति गोटा | ०.५० |
| ४ | मदिराको खालि सिसि ५०० एम.एल. भन्दा बढी | प्रति गोटा | ०.२५ |
| ५ | प्लाष्टिकका बोतल, भाँडाकुँडा, पुराना जुत्ता चप्पल, ग्यालेन तथा जर्किन | प्रति गोटा | ०.१० |



CamScanner

| | | | |
|---|---|---|---|
| ६ | पूरानो टिन | प्रति के.जि | १/- |
| ७ | धातुका कवाडि मालसामान | प्रति के.जि | २/- |
| ८ | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जि | १/- |
| ९ | सिसा(लिड) को धुलो वा टुक्राहरु | प्रति के.जि | १/- |
| १० | काँचको धुलो वा टुक्राहरु | प्रति के.जि | १/- |
| ११ | पन्छिका प्वाँखहरु | प्रति के.जि | २/- |
| १२ | पशुका हाड, सिंग, खुर | प्रति के.जि | २/- |
| १३ | छाला सानो जनावरको | प्रतिगोटा | ३०/- |
| १४ | छाला ठूलो जनावरको | प्रतिगोटा | १५/- |

अनुसूची–५

(दफा ८ सँग सम्बन्धित)

विज्ञापन करका दरहरू

| सि. नं | गाउँपालिका क्षेत्रभित्र लगाईने विज्ञापनकरको विवरण | करको दर रु. |
|---|---|---|
| १. | साईन बोर्ड/फ्लेक्स बोर्ड/ होडिङ बोर्ड/ थ्री डी बोर्ड / ट्राइभिजन बोर्ड प्रति स्क्वायर फिट बार्षिक | १५०/- |
| २. | ग्लो बोर्ड प्रति स्क्वायर फिट बार्षिक | १००/- |
| ३. | डिजिटल बोर्ड प्रति स्क्वायर फिट बार्षिक | २००/- |
| ४. | ब्यानर ३ स्क्वायर फिटसम्म प्रति हप्ता प्रति गोटा | ५०/- |
| ५. | ब्यानर ३ स्क्वायर फिटभन्दा ठुलो प्रति हप्ता प्रतिगोटा | ५०/- |
| ६. | भित्ते लेखन/ सटर पेन्टीङ प्रति स्क्वायर फिट बार्षिक | २५/- |
| ७. | गाडींमा लेखी/बोकी गरिने विज्ञापन प्रतिदिन प्रति गाडी | १००/- |



CamScanner

अनुसूची-६

(दफा १० सँग सम्बन्धित)

पार्किङ शुल्कका दरहरू

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले तोकेको पार्किङ क्षेत्रमा पार्क गर्ने सवारी साधनको विवरण | शुल्कको दर रु. |
|---|---|---|
| १ | बस, मिनिबस, ट्रक, टयाक्टर लगायतका ठूला सवारी साधनहरु | प्रति घण्टा रू.४०/-<br>प्रति दिन रू.२००/- |
| २ | कार, जिप वा त्यस्तै साना सवारी साधनहरु | प्रति घण्टा रू.२०/-<br>प्रति दिन रू.१००/- |
| ३ | अन्य सवारी साधनहरु | प्रति घण्टा रू.१५/-<br>प्रति दिन रू.७५/- |

अनुसूची–७

(दफा ११ सँग सम्बन्धित)

सेवा, शुल्क, दस्तुरका दरहरु

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने सेवा शुल्क, दस्तुरको विवरण | शुल्कको दर रु. |
|---|---|---|
| १ | **सार्वजनिक शौचालय** | |
| | पिसाब गरेको प्रतिपटक | ५/- |
| | दिसा गरेको प्रतिपटक | १०/- |
| २ | **सरसफाई सेवा शुल्क** | |
| | गाउँपालिकाभित्र सरसफाई तथा फोहोरमैला व्यवस्थापन गरेबापत प्रतिघर प्रति महिना | ५०/- |
| | गाउँपालिकाभित्र सरसफाई तथा फोहोरमैला व्यवस्थापन गरेबापत प्रति पसल/व्यवसाय | १००/- |
| ३ | **नेपाली नागरिकता प्रमाणपत्रको सिफारिस** | |
| | वंशज र जन्मको आधारमा | ५०/- |



CamScanner

| | | |
|---|---|---|
| | नागरिकता प्रतिलिपी सिफारिस | १००/- |
| | अंगिकृत तथा बैवाहिक अंगिकृत | १०००/- |
| ४ | नामथर संशोधन तथा प्रमाणित | १००/- |
| ५ | नाता प्रमाणित | ५०/- |
| ६ | घरजग्गा अचल सम्पत्ती मूल्यांकन प्रति हजारमा | १/- |
| ७ | बार्षिक आय प्रमाणित दस्तुर (0.1%) प्रतिलाखमा | १००/- |
| ८ | घरजग्गाको नामसारी सिफारिस | |
| | ५(पांच) रोपनी सम्म | १००/- |
| | १०(दश) रोपनी सम्म | १५०/- |
| | २०(बीस) रोपनी सम्म | २००/- |
| | २५ (पच्चिस) रोपनी सम्म | २५०/- |
| | ३०(तीस) रोपनी सम्म | ३००/- |
| | ४०(चालिस) रोपनी सम्म | ३५०/- |
| | ५०(पचास) रोपनी सम्म वा सो भन्दा माथि | ५००/- |
| | छुट जग्गा दर्ता सिफारिस | २०००/- |
| | मोही लगत कट्टा सिफारिस | १०००/- |
| ७ | घरजग्गा रजिष्ट्रेशन सिफारिस | |
| | राजीनामा/ रजिष्ट्रेशन पास सिफारिस | १००/- |
| | अंश बण्डा पास सिफारिस | १००/- |
| | बकस पास सिफारिस | १००/- |
| ८ | व्यक्तिगत घटना सम्बन्धी सिफारिस | |
| | व्यक्तिगत घटना दर्ता | ५०/- |
| | पंजीकरण ऐन लागू हुन अघिको जन्म प्रमाणित र बिवाह दर्ता प्रमाणित | ५०/- |
| | पंजीकरण ऐन लागू भएपछिको जन्म प्रमाणित र बिवाह दर्ता प्रमाणित | ५०/- |
| | पंजीकरण ऐन लागू हुन अघिको सम्बन्ध बिच्छेद प्रमाणित | ५०/- |
| | पंजीकरण ऐन लागू भएपछिको सम्बन्ध बिच्छेद प्रमाणित | ५०/- |
| | बसाइ सराई प्रमाणित | ५०/- |
| | चारित्रिक सिफारिस तथा प्रमाणित | ५०/- |
| | बसोबास सिफारिस तथा प्रमाणित | ३००/- |
| ९ | चारकिल्लाप्रमाणित र घरबाटो प्रमाणित | |
| | ४ कित्तासम्म | २००/- |



बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

| | | |
|---|---|---|
| | ४ कित्ताभन्दा माथि | ३००/- |
| १० | **उद्योग स्थापनाको लागि सिफारिस** | |
| | घरेलु उद्योग स्थापनाको लागि सिफारिस | ५००/- |
| | अन्य उद्योग स्थापनाको लागि सिफारिस | १०००/- |
| | व्यवसाय सञ्चालन दर्ता तथा सिफारिस | ३००/- |
| ११ | **बिद्युत, टेलिफोन जडानको लागि सिफारिस** | |
| | घरायसी प्रयोजन | १००/- |
| | व्यावसायिक प्रयोजन | ५००/- |
| १२ | **संघ/संस्था/समुह दर्ता तथा नविकरण सिफारिस( संशोधित)** | |
| | राष्ट्रिय स्तर | २०००/- |
| | जिल्ला स्तर | १०००/- |
| | स्थानीय स्तर | २००/- |
| १३ | **अन्य विविध सिफारिस** | |
| | सवै किसिमका सर्जमीन दस्तुर | २००/- |
| | अपुतालीको सिफारिस | १०००/- |
| | वैदेशिक रोजगारको सिफारिस | २००/- |
| | स्वदेशी पेन्सन पट्टाको सिफारिस | ३००/- |
| | बिदेशी पेन्सन पट्टाको सिफारिस | १०००/- |
| | अंग्रेजी भाषामा गरिने (मूल्यांकन बाहेक) विभिन्न सिफारिस | ५००/- |
| | पशु तथा कृषि समुह दर्ता प्रमाण पत्र नविकरण दस्तुर | २००/- |
| | रासायनिक मल विक्रेता दर्ता | १०००/- |
| | रासायनिक मल विक्रेता दर्ता प्रमाण पत्र नविकरण दस्तुर | ५००/- |
| | न्यायीक समितिमा पेश हुने निवेदन दस्तुर | ५०/- |
| | अन्य बिबिधसिफारिस | ५०/- |
| १४ | **बिशेष सिफारिसहरु** | |
| | छात्रवृत्ति सिफारिस | नि:शुल्क |
| | सामाजिक सुरक्षा कार्यक्रमका लागि नामावली सिफारिस | नि:शुल्क |
| | प्राकृतिक प्रकोप पिडित राहत सिफारिस | नि:शुल्क |
| | असक्त अपाङ्ग परिचय पत्रको सिफारिस | नि:शुल्क |
| | असहाय, असक्त आर्थिक सहायता सिफारिस | नि:शुल्क |
| १५ | **नक्शा पास** | |

| | | |
|---|---|---|
| | RCC Building प्रति स्क्वायर फिट | रु.३/- |
| | Load Bearing Building प्रति स्क्वायर फिट | रु.१/- |
| | ढुंगा, ईट्टा र माटो वा सिमेन्टको जोडाईप्रति स्क्वायर फिट | ०.५०/- |
| | अस्थायी टहरा, ट्रसआदि प्रति स्क्वायर फिट | निःशुल्क |
| | नक्शा पास बुक | ५००/- |
| १६ | अन्य सेवा शुल्क दस्तुर | |
| | व्यवसाय दर्ताको प्रतिलिपि प्रमाणपत्र दस्तुर | १०००/- |
| | व्यवसाय खारेज भएको सिफारिस दस्तुर | ५००/- |
| | बलेफी गाउँपालिकाको खाडिचौर स्थित हलको भाडा दर (दैनिक) | ३०००/- |
| | दुग्धजन्य उत्पादनको व्यवसाय दर्ता शुल्क | ५००/- |

व्यवसाय रजिष्ट्रेशन दस्तुर

| | विवरण | दर रु. | |
|---|---|---|---|
| | | दर्ता | कै. |
| १ | साना लगानीका व्यवसाय (रु.१ लाखदेखि ५ लाखसम्म) | ५००/- | |
| २ | मध्यम लगानीका व्यवसाय (रु.५ लाख देखि १५ लाखसम्म) | १०००/- | |
| ३ | ठूला लगानीका व्यवसाय (रु.१५ लाख भन्दा बढी रकमको लगानीमा भए) | २०००/- | |

आज्ञाले
देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत